नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

## लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी प्रस्ताव आहवानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७८/०१/१४)

यस मन्त्रालयबाट स्वीकृत "लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८" बमोजिम खाद्य उपजहरुको वजार सुनिश्चिततताको लागि स्थानीयतह मार्फत लागत सहभागितामा नयाँ खाद्य गोदाम घर निर्माण, सहकारी मार्फत् सञ्चालनमा रहेका पुराना तथा कृषि सामग्री कम्पनी लिमिटेडका पुराना गोदाम घर मर्मत सम्भार एवम् अन्य पूर्वाधार स्थापनामा ईच्छुक स्थानीय तहहरु तथा कृषि सामग्री कम्पनी लिमिटेडको लागी आशय पत्र आव्हान गरिएको छ । यस कार्यक्रममा समावेश हुन चाहाने स्थानीय तहहरु तथा कृषि सामग्री कम्पनी लिमिटेडले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम सहित आवेदन दिनुहुन आहवान गरिन्छ। **पुनश्चः** आवेदन साथ तपशिल अनुसारको कागजात संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी "लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८" www.moald.gov.np मा गई हेर्न सकिनेछ ।

**तपशिल**

१. उक्त विषयसँग सम्बन्धित मार्गदर्शन २०७८ (मन्त्रालयको Website मा राखिएको) को अनुसूची १ अनुसारको आवेदन फाराम र प्रस्तावनाको ढाँचा ।

२. एक भन्दा बढी स्थानीय तहहरुले संयुक्त रुपमा आवेदन दिन चाहेमा समेत स्थानीय तहको निर्णय र लागत सहभागिता एवं सञ्चालन विधि दुवै समेत एकिन भएको हुनुपर्ने ।

**आवेदन पेश गर्न सकिने स्थानः-**

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आन्तरिक प्रशासन शाखा

२. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP) अन्तर्गतका जिल्ला स्थित परियोजना कार्यान्वयन एकाइहरु ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

खनियाबास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश नेपाल